# श्री हरिहर संस्कृत तथा साधारण माध्यमिक विद्यालय
# SHREE HARIHAR SANSKRIT AND GENERAL SECONDARY SCHOOL

पाणिनि-२, पोखराथोक, अर्घाखाँची
Panini-2, Pokharathok, Arghakhanchi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province , Nepal

च.नं./ Reference No : ९६

मिति २०८०/०१/०५

प.स.२०७९/०८०

**बिषय : जग्गा लिजमा दिने सम्बन्धि सूचना**

अर्घाखाँची जिल्ला पाणिनी गाउँ पालिका वार्ड नं. २ स्थित श्री हरिहर संस्कृत तथा साधारण मा.बि.का नाममा जिल्ला कपिलबस्तु बाणगंगा न.पा.वार्ड नं.१ बैरिया,बठानपुरा र निबुवामा रहेको श्रेस्ता बमोजिम कूल क्षेत्रफल ३२-७-१२.५ बिगाहा आवादी जग्गा बर्ष १० का लागि लिजमा लगाउन सम्पति संरक्षण समिति अर्घाखाँचीको राय सुझाब, लिजमा लगाउँने सम्बन्धि कार्यनीति २०७९ र बिद्यालय ब्यबस्थापन समितिको मिति २०७९/१२/२२ गतेको निर्णय बमोजिम सार्बजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार निम्न लिखित शर्तहरु सहित सम्बन्धित सबैका लागि गोप्य शिलबन्दी बोलपत्र सूचना आह्वान गरिएको छ ।

**<u>शर्तहरु</u>**

**१ -बोलपत्र प्रकाशन गर्ने सार्बजनिक निकायको नाम र ठेगाना :-**

(क) श्री हरिहर संस्कृत तथा साधारण मा.बि.पाणिनी-२,पोखराथोक अर्घाखाँची ।
(ख) इमेल ठेगाना :- hariharhss@gmail.com
(ग) सम्पर्क नम्बर :- ९८५७०६३४०८, ९८६७३१००४५, ९८५७०३३३१२, ९८५७०६१४०३
(घ) बैंक खाता :- ग्लोबल आइ.एम.ई. बैंक, पोखराथोक शाखा, च.हि.नं. २१५०१०१००००००२

**२-खरिद कार्यको प्रकृति र समय सिमा :-**

(क) आबादि जग्गा लिजमा लगाउने ।
(ख) लिजको समय मिति २०८०/०१/०१ देखि २०८९ /१२/३० सम्म १० बर्षको ।

**३- बोलपत्रको जमानत :-**

(क) रू १५ हजार हुने
(ख) सो को अवधि आशय पत्रको म्याद समाप्त भएपछि फिर्ता हुने ।

**४- बोलपत्र सम्बन्धि कागजात पाइने स्थान :-**

(क)श्री हरिहर संस्कृत तथा साधारण मा.बि., पाणिनी २, पोखराथोक, अर्घाखाँची ।
(ख) बिद्यालयबाट सोझै खरिद गर्न सकिने ।
(ग) लाग्ने दस्तुर रू ५ हजार

**५- बोलपत्र प्रकाशन गर्ने मिति :-**

(क)मिति :- २०८०/०१/०६ गते

**६- बोलपत्र बुझाउने, खोल्ने मिति, समय र स्थान :-**

(क)बोलपत्र बुझाउने स्थान :- श्री हरिहर संस्कृत तथा साधारण मा.बि., पाणिनी २, पोखराथोक, अर्घाखाँची ।
(ख)बोलपत्र बुझाउने तरिका :- शिलबन्दी गोप्य बोलपत्र ।
(ग) बोलपत्र बुझाउने अन्तिम मिति र समय :- मिति :- २०८०/०१/२० गते दिउँसो ४:०० बजे

(घ ) बोलपत्र खोल्ने समय :- २०८०/०१/२० गते साँझ ५:०० बजे

(ङ) स्थान :- बिधालय प्रशासन

**७- बार्षिक लिज दर :-**

(क) रू ६ लाख २५ हजार नघटाई बोलपत्र बढाबढ

(ख) स्वीकार गरेको रकममा प्रति बर्ष ५ प्रतिशतले चक्रवर्ती दरमा वृद्धि हुने

८- नेपालको कानुनले निषेध गरेका कुनै पनि काम कारबाही प्रयोजनको लागि लिजमा लिएका जग्गामा संचालन गर्न नपाइने |

९- सम्झौता हुने मितिमा १ बर्षको कूल रकम अग्रिम भुक्तानी गर्नुपर्ने / सो रकम अन्तिम बर्षमा भुक्तानी हुने |

१०- सम्झौतामा तोकिए बमोजिमको लिज रकम प्रत्येक बर्षको चैत्र मसान्त सम्म भुक्तानी गर्नुपर्ने, अन्यथा सम्झौता स्वतः रद्ध गरिने |

११- उत्पादनको क्रममा कुनै किसिमको असर नपर्ने गरि सरसफाई र पर्यावरणीय मापदण्डलाई पालना गर्नुपर्ने |

१२- बिचमा सम्झौता भंग गरे एक बर्षको रकम क्षतिपूर्ति बापत भुक्तानी गर्नुपर्ने |

१३- लिजमा लिएको जग्गाको सुरक्षा लिज लिनेवालालेनै जिम्मा लिनुपर्ने |

१४- लिज सम्झौताको अन्तिम बर्ष आफ्ना संरचना हटाई जग्गा खाली गर्नुपर्ने |

१५- रित नपुगेको बोलपत्र स्वीकार नहुने |

१६- बोलपत्र पेश गर्न नेपाली नागरिक हुनु पर्ने |

१७- दर्ता वाला संघ संस्थाहरुलाई बिशेष ग्राह्यता दिने |

१८- बोलपत्र निवेदनको ढांचा, जग्गाको कित्ता नम्बेर, क्षेत्रफल र संलग्न गर्नु पर्ने कागजातहरुको विवरण बिधालय प्रशासन बाट उपलब्ध हुने |

१९- लिजमा लिएको जग्गामा कृषि उत्पादन तथा पशुपाल बाहेकका अन्य ठुला उधोग तथा कारखानाहरु संचालन गर्न नपाइने |

२०- बोलपत्र स्वीकृति गर्ने अधिकार बिधालय व्यवस्थापन समितिमा निहित हुने |

२१- अन्य जानकारीका लागि बिधालय प्रशासनमा सम्पर्क गर्नुपर्ने |

**बिष्णु प्रसाद पोखरेल**

फोन नं. : ०७७-६९०४५४

E-mail : hariharhss@gmail.com

# बोलपत्रमा संलग्न गर्नु पर्ने कागजात

अर्घाखाँची जिल्ला पाणिनी गा.पा. वार्ड नं. २ स्थित श्री हरिहर संस्कृत तथा साधारण मा.बि. क नाममा जिल्ला कपिलबस्तु बाणगंगा न.पा. वार्ड नं. १ स्थित निम्न बमोजिम कित्ता र क्षेत्रफल भएको श्रेस्ता अनुसारको आवादी जग्गा ३२ बिगाहा ७ कट्ठा १२.५ धुर १० बर्षका लागि लिजमा लगाउन सार्बजनिक खरिद ऐन २०६३ को परिच्छेद ३ को दफा १४ तथा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धि कार्यनीति २०७९ आदिको अधिनमा रही बोलपत्र पेश गर्दा तपसिल बमोजिमका कागजातहरु पेश गर्नु पर्ने छ |

तपसिल

१-नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

२-संघ संस्था दर्ताको प्रमाणपत्र, नबिकरण पत्र, स्थाई लेखा नम्बर

३-करचुक्ताको प्रमाण पत्र

४-बिधान/प्रबन्धपत्र वा नियमावलीको प्रतिलिपि

५-व्यक्तिको हकमा नेपाली नागरिकता र पान नं. भएको भए सो को प्रमाण पत्र

जग्गाको विवरण

| क्र.स. | साबिक वार्ड नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|
| १ | २ | ११३ | ३-६-५ |
| २ | २ | २०९ | १५-१०-१८ |
| ३ | ८ ख | ६ | ३-५-१५ |
| ४ | ८ ख | ७९ | ६-१२-९ |
| ५ | ८ ख | ८४ | १-४-९ |
| ६ | ८ ख | ४०९ | ०-०-१६.५ |
| ७ | ८ ख | ४१५ | ०-०-१० |
| ८ | ९ | ५१७ | ०-०-१७ |
| ९ | ८ ख | ५०७ | ०-०-१० |
| १० | ८ ख | ६०७ | ०-०-४.७५ |
| ११ | ९ | ६५८ | ०-०-१.२५ |
| १२ | ८ ख | ६२३ | ०-१-० |
| १३ | ८ ख | ६२४ | ०-१९-१५ |
| १४ | ९ | ६६५ | ०-०-६ |
| १५ | ९ | ६६७ | ०-०-२.१४ |
| १६ | ८ ख | ६६० | ०-०-१३ |
| १७ | ९ | ६८० | ०-२-१७.७५ |
| १८ | ८ ख | ६६२ | ०-०-३ |

(तयार गर्ने)

(विष्णु प्र. पोखरेल)

**Head Teacher**

फोन नं. : ०७७-६९०४५४

E-mail : hariharhss@gmail.com

मिति :-

बिषय :- शिलबन्दी बोलपत्र पेश गरेको ।

श्रीमान अध्यक्ष ज्यू,
बिधालय ब्यबश्थापन समिति
श्री हरिहर संस्कृत तथा साधारण मा.बि.
पाणिनी २, पोखराथोक, अर्घाखाँची

महोदय,

प्रस्तुत विषयका सम्बन्धमा त्यंहा कार्यालयको मिति २०८०/०१/०६ गतेको राष्ट्रिय दैनिक लुम्बिनीमा प्रकाशित सूचना एबम स्थानीय रेडियो, एफ.एम. तथा अन्य सामाजिक संजालमा प्रकाशित सार्बजनिक शिलबन्दी बोलपत्र सुचना बमोजिम म/हाम्रो ........................................................ ........................................................................................को तर्फबाट कृषि तथा पशुपालन सम्बन्धि ब्यबसायहरु संचालन गर्ने भएकोले संलग्न कागजात सहित निम्न दर रेट उल्लेख गरि यो शिलबन्दी बोलपत्र पेश गर्दछु/गर्दछौं ।

तपसिल

| क्र.स. | तोकिएको बोलपत्र दस्तुर | अन्तिम स्वीकार गर्ने रकम |
|---|---|---|
| १. | ६,२५,००० | |

क-तोकिए बमोजिमका कागजात संलग्न छन् ।
ख-तोकिए बमोजिमका शर्तहरु पुरा गर्न मन्जुर छु/छौं .
ग-तोकिएको बार्षिक वृद्धि दर ५% वृद्धि गर्न मन्जुर छु/छौं ।
घ-नियम कानुनको पालन गर्न मन्जुर छु/छौं ।

संस्थाको छाप

निवेदक

फोन नं. : ०७७-६९०४५४
E-mail : hariharhss@gmail.com